# जिल्ला प्रशासन कार्यालय,
# सल्यान
## २०७७ फाल्गुण ०७ गते

## प्रेस नोट

आज मिति २०७७/११/०७ गते शुक्रबार जिल्ला प्रशासन कार्यालय, सल्यानका श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री हेमराज तामाङज्यूको अध्यक्षतामा कार्यालय प्रमुखको उपस्थितिमा कार्यक्रम आयोजना तथा बैठक बसी राष्ट्रिय प्रजातन्त्र दिवसलाई भव्यताका साथ मनाइयो ।

उक्त कार्यक्रम तथा बैठकको शुभारम्भ राष्ट्रिय गानबाट गरिएको थियो । यसपछि उपस्थित सम्पूर्ण कार्यालय प्रमुख एवम् कर्मचारीहरूबीच राष्ट्रिय प्रजातन्त्र दिवसको शुभकामना आदानप्रदान कार्य भयो । राष्ट्रिय प्रजातन्त्र दिवस २०७७ फागुण ७ मनाउन सबै कार्यालयले कार्यालय परिसरमा राष्ट्रिय झण्डा फहराएको पाइयो तथा साँझ द्वीप प्रज्ज्वलन (भोलि ८ गते साँझ समेत) गरी दीपावली गर्ने निर्णय भयो ।

कार्यालय प्रमुख बैठकको मिति २०७७/११/०३ को निर्णय नं. १० अनुसार जिल्लाका उत्कृष्ट कार्य एवम् उत्तम् अभ्यास गर्ने कार्यालयका देहायका कार्यालय प्रमुखहरूलाई प्रजातन्त्र दिवसको अवसरमा प्रमुख जिल्ला अधिकारीज्यूबाट प्रशंसापत्र प्रदान गरी सम्मान एवम थप हौसला प्रदान गरियोः—

| क्र.सं. | उत्कृष्ट कार्यालय प्रमुख | उत्कृष्ट कार्यालय |
|---|---|---|
| १. | प्रहरी नायव उपरीक्षक श्री गोविन्द थापा | जिल्ला प्रहरी कार्यालय, सल्यान। |
| २. | हुलाक अधिकृत श्री धिरेन्द्र भण्डारी | जिल्ला हुलाक कार्यालय, सल्यान। |
| ३. | नि.प्र.प्र. अधिकृत श्री अमृत खड्का | दार्मा गाउँपालिका, सल्यान । |

सम्मानकै क्रममा त्रिभुवन जनमाध्यमिक विद्यालय, लुहापिङका प्र.अ. श्री माधव विक्रम जि.सी. लाई लकडाउनका समयमा समेत् उत्कृष्ट सिकाइ प्रक्रिया अवलम्वन गरेकोमा प्रमुख जिल्ला अधिकारीज्यूबाट प्रशंसापत्र प्रदान गरियो । यसै गरी जिल्ला प्रशासन कार्यालय, सल्यानका अत्यन्त लगनशील र अनुशासित कर्मचारी का.स. श्री निमलाल बुढाथोकीलाई उत्कृष्ट कर्मचारी छनौट गरी प्रशंसापत्र प्रदान गरी सम्मान गरियो ।

नारायण लामिछाने
सहायक प्रमुख जिल्ला अधिकारी

साथै, अन्य कार्यालयका प्रमुखलाई समेत् आगामी दिनमा उत्कृष्ट कार्य गरी सुशासनमुखी तथा नागरिकमैत्री सेवा प्रवाह गर्ने अपेक्षासहित् कार्य गर्न हौसला तथा उत्प्रेरणास्वरूप प्रमुख जिल्ला अधिकारीज्यूबाट खादा ओढाई सम्मान गरियो ।

यसै गरी राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा सरकारी कामकारवाहीलाई प्रजातान्त्रिक पद्धति र मान्यता अनुसार सम्पन्न गर्न प्रजातान्त्रिक मूल्य एवम् मान्यता स्थापित हुने गरी विधिको शासन, सुशासन र मानव अधिकारलाई गन्तव्य बनाई सबै कार्यालयबाट सेवा प्रवाह गर्ने प्रतिबद्धता गरियो ।

प्रजातन्त्रको आदर्श मूल्य विधिको शासन, सुशासन र मानव अधिकारको सम्बन्धमा देहायबमोजिमका आदर्श वाक्यहरूलाई हृदयङ्गम गरी कार्यसम्पादन एवम् सेवा प्रवाह गर्ने निर्णय गरियोः–

**विधिको शासनका लागि आदर्श वाक्य**

"कानूनी सर्वोच्चता र समानता : कार्यसम्पादनको मूल मान्यता"

**सुशासनका लागि आदर्श वाक्य**

"प्रस्फुटन गरौं सदाचारिताको मुहान : कार्यसम्पादनको मूल मन्त्र सुशासन"

**मानव अधिकारका लागि आदर्श वाक्य**

"सबैका लागि मानव अधिकार : कार्यसम्पादनको मूल आधार"

साथै, प्रजातन्त्रको आदर्श मूल्यका रूपमा रहेका विधिको शासन, सुशासन र मानव अधिकारको सम्बन्धमा माथि तय गरिएका आदर्श वाक्यहरूलाई मन, वचन र कर्मबाट आत्मसात् गरी कार्यसम्पादन एवम् सेवा प्रवाह गर्ने कार्यवातावरण सिर्जना गर्न प्रत्येक कार्यालय र सो मातहतका कार्यालयमा उक्त आदर्श वाक्यहरू टाँस गर्ने निर्णय गरियो ।

यसै प्रेस नोटमार्फत सम्पूर्ण सल्यान जिल्लाका राष्ट्रसेवक पदाधिकारी तथा कर्मचारी र सल्यानबासी दाजुभाई तथा दिदीबहिनीलाई राष्ट्रिय प्रजातन्त्र दिवस, २०७७ को हार्दिक मङ्गलमय शुभकामना व्यक्त गरिएको छ ।

नारायण लामिछाने
सहायक प्रमुख जिल्ला अधिकारी